बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०८०।८१ च.नं. राजश्व शाखा/............... मितिः २०८३।०३।१८

### स्टक प्रमाणित गराएर मात्र नदीजन्य पदार्थ (ढुंगा, गिटी, वालुवा) विक्री गर्ने सम्बन्धी

# सूचना ! सूचना !! सूचना !!!

## जो जससँग सम्बन्धित छ

प्रस्तुत विषयमा यस कार्यालयबाट आर्थिक वर्ष २०८०।०८१ का लागि नदी तथ खोलाहरुबाट निस्कने वालुवा, वालुवा मिसिएको ग्राभेल तथा सम्बन्धित व्यक्तिको निजी जग्गाबाट निस्किएको ढुंगा विक्री वितरणको लागि विभिन्न व्यक्ति वा संस्थालाई अनुमति प्रदान गरिएकोमा संकलित निर्माण सामाग्रीहरु (वालुवा तथा वालुवा मिसिएको ग्राभेल र निजी जग्गाबाट अनुमति प्राप्त भएका ढुंगा) यही २०८१ असार मसान्तसम्म विक्री नभई बाकी रहने अवस्था भए मिति २०८१ असार मसान्तभित्र विक्री नभएर बाँकी रहने परिमाण प्राविधिक कर्मचारीहरुबाट नापजाँच गराइ विवरण यस कार्यालयमा पेश गर्नुहुन जानकारी गराइन्छ । यस कार्यालयबाट स्टक प्रमाणित जनाइ विक्रीको लागि अनुमति लिएर मात्र आगामी आ.व. २०८१।०८२ मा स्टक सामान विक्री वितरण गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको समयावधिभित्र स्टक प्रमाणित नभएमा साथै यस कार्यालयबाट गरिने अनुगमन तथा नेपाल प्रहरी व अन्य निकायको अनुगमनको क्रममा स्टक प्रमाणित नजनाई विक्री वितरण गरेको पाइएमा सम्पूर्ण निर्माण सामाग्रीहरु जफत जरी लिलामको प्रकृया अगाडि बढाइने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

.............................
चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत